# शिवसताक्षी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
ब्याङ्गडाँडा, झापा
२०७३

कार्यालय ०२३-४७०३२३ / ४७०३२२
Email:-
mms.shivasatakshimun@gmail.c

१ नं. प्रदेश, नेपाल ।


प.स. प्रशासन ०७७/७८
च.न.

**शिवसताक्षी नगरपालिकाको बन्दाबन्दी सम्बन्धी सूचना**

हालै शिवसताक्षी नगरपालिका क्षेत्रमा समेत कोभिड-१९ कोरोना भाइरसको प्रकोप अत्यधिक बढ्न गई प्रकोपबाट पिडितहरु दिनानुदिन बढिरहेको र प्रकोपकै कारण मृत्यु हुने संख्या समेत बढ्न थालेको अवस्थालाई मध्यनजर राख्दै मिति २०७८/०४/१०गते कोरोना भाइरस प्रकोप नियन्त्रण समन्वय समिति शिवसताक्षी नगरपालिकाका संयोजक एवं नगर प्रमुख श्री चन्द्रकुमार शेर्माज्यूको अध्यक्षतामा नगर उपप्रमुख, भूमि सम्बन्धी समस्या समाधान आयोगका विज्ञ सदस्य, नेकपा एमालेका नगर उपाध्यक्ष , नेपाली काँग्रेस नगर सभापती, नेकपा माओबादी केन्द्र नगर सदस्य, राष्ट्रिय प्रजातन्त्र पाटी नगर अध्यक्ष, नगर प्रबक्ता, कोभिड अस्थायी अस्पताल ब्यवस्थापन समितिका संयोजक, इलाका प्रहरी कार्यालय झिलझिलेका प्रमुख, सशस्त्र प्रहरी बल कुञ्जिवारी झापाका प्रमुख, शिवसताक्षी नगरपालिका वडा न ९ र १० का वडाध्यक्षज्यूहरु समेतको उपस्थितिमा कोरोना भाइरसको प्रकोप नियन्त्रणका लागि झापा जिल्लाका अन्य पालिकाहरुले गरेका निर्णयहरु समेतलाई मध्यनजर राख्दै यस नगरपालिकाले समेत देहाय अनुसार गर्ने निर्णय भएकोले सो निर्णय कडाईका साथ कार्यान्वयन गरी कोभीड-१९ कोरोना भाइरसको प्रकोपबाट बच्न सवै नगरवासीहरुमा यो सूचना जारी गरिएको छ ।

देहाय-

१ मिति २०७८ श्रावण ११ गते राती १२.०० वजे देखी मिति २०७८ श्रावण १८ गते राती १२.०० वजे सम्म शिवसताक्षी नगरपालिका क्षेत्र भरी बन्दाबन्दी (शिल) गर्ने ।

२ नगरपालिका भरी बन्दाबन्दी(शिल)गरेको सूचना तथा प्रचार प्रसार सम्बन्धीत वडाका जनप्रतिनिधिहरुको समन्वयमा इलाका प्रहरी कार्यालय झिलझिलले गर्ने र सोका लागी आवश्यक पर्ने सामग्रीको ब्यवस्थापन नगरपालिकाले गर्ने ।

३ बन्दाबन्दी(शिल) गरेको समयावधी भित्र औषधी उपचार गर्न बाहेक घर बाहिर ननिस्कन सवै नगरवासीहरुमा अनुरोध गर्ने ।

४ औषधी पसल बाहेक अन्य सवै ब्यापार, ब्यवसाय, बैंक, वितिय संस्था, सहकारी, होटल, शैलुन, जिमखाना, पार्लर, दुधडेरी, दैनिक/साप्ताहिक हाटबजार, विवाह, ब्रतबन्ध, पाटी, भोज, समेत पूर्ण रुपले बन्द गर्ने ।

गीता कुमारी राई
प्रमुख प्रशासकीय अधिकृत

C:\Users\dilli\Desktop\Dilli\Letter Pad 123.docx

# शिवसताक्षी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

कार्यालय ०२३-४७०३२३ /४७०३२२
Email:-
mms.shivasatakshimun@gmail.c

ब्याङ्गडाँडा, झापा
२०७३

१ नं. प्रदेश, नेपाल ।


प.स. प्रशासन ०७७/७८
च.न.

५ अत्याबश्यक सेवा वाहेक नगरपालिका र वडा कार्यालयहरुका सेवाहरु बन्द गर्ने तर स्वास्थ्य कार्यालयले दिने सेवा यथावत सञ्चालनमा रहने ।

६ निर्णयको पालना नगर्ने , अटेर गर्ने जो कोहीलाई कानुन बमोजिम कार्वाही गर्ने ब्यवस्था इलाका प्रहरी कार्यालय झिलझिलेले मिलाउने ।

७ निर्णयलाई कडाइका साथ लागु गर्न आवश्यक सहयोग र समन्वयका लागि जिल्ला प्रशासन कार्यालय झापालाई अनुरोध गर्ने ।

२०७८।४।१०

गीताकुमारी राई
प्रमुख प्रशासकीय अधिकृत
मिति २०७८/०४/१०

गीता कुमारी राई
प्रमुख प्रशासकीय अधिकृत




Email–dms.shivasatakshimun@gmail.com,Website-www.shivasatakshimun.gov.np

फोन ०२३-४७०३२३ ,०२३-४७०३२२